नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

# राष्ट्रिय गैंडा गणना २०७७ का सम्बन्धमा जारी गरिएको प्रेस विज्ञप्ती

दुर्लभ तथा लोपोन्नमुख प्रजाति ठूलो एकसिङ्गे गैंडा पर्सा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र वरपरको मध्यवर्ती क्षेत्र र सामुदायिक वन क्षेत्रमा पाइन्छ । ठूलो एकसिङ्गे गैंडालाई आई.यू.सि.एन ले Vulnerable प्रजातिको सूचीमा राखेको छ भने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को अनुसूची १ मा सुचीकृत छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले नियमित रुपमा गैंडा गणना गर्दै आएको छ । यस अघि सन् १९९४, २०००, २००८, २०११ र २०१५ मा राष्ट्रिय गैंडा गणना गरिएको थियो।

अघिल्ला गणना कार्य संरक्षण सहयोगी संस्थाहरुको आर्थिक सहयोगमा हुने गरेको थियो भने आ.व. २०७६/०७७ मा गैंडा गणनाको लागि नेपाल सरकारबाटै १ करोड १० लाख बजेटको व्यवस्था भएको थियो । अघिल्लो बर्षनै गैंडा गणनाको लागि केन्द्रीय स्तरमा निर्देशक समिति, प्राविधिक समिति तथा स्थानीय स्तरमा कार्यदल गठन गरी गैंडा गणनाको लागि आवश्यक सामग्री खरिद गरिएको थियो । तर कोभिड १९ महामारीको कारणले गर्दा गत आर्थिक बर्षमा गणनाको कार्य हुन नसकेकाले यस वर्ष उक्त कार्य संचालन गरिएको छ। चालु आ.व. २०७७/७८ मा राष्ट्रिय गैंडा गणना कार्यको लागि नेपाल सरकारबाट बजेट विनियोजन भएको छ भने संरक्षण साझेदार संस्थाहरु राष्ट्रिय प्रकृति संरक्षण कोष, WWF नेपाल र ZSL नेपालको समेत आर्थिक तथा प्राविधिक सहयोग रहेको छ । गैंडा गणनाको सन्दर्भमा नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७७।०८।१९ को निर्णयानुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशकको संयोजकत्वमा राष्ट्रिय गैंडा गणना निर्देशक समिति, विभागका इकोलोजिष्टको संयोजकत्वमा प्राविधिक समिति र चितवन, पर्सा, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृतको संयोजकत्वमा स्थानीय कार्यदल गठन भएको छ ।

राष्ट्रिय गैंडा गणना २०७७ को सम्बन्धमा प्राविधिक समितिले तयार गरेको प्राविधिक योजना निर्देशक समितिको मिति २०७७/११/१७ को बैठकमा पारित भई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृत भएको छ । सो योजना अनुसार राष्ट्रिय गैंडा गणना, २०७७ चैत्र ९ गते चितवन-पर्सा क्षेत्रबाट शुभारम्भ भई चैत्र मसान्तभित्र नेपालको गैंडा पाईने क्षेत्रका चारवटै राष्ट्रिय निकुञ्जहरु (पर्सा, चितवन, बर्दिया र शुक्लाफाँटा) र आसपासको वन क्षेत्रमा गैंडा गणना कार्य सम्पन्न गरी २०७८ वैशाख पहिलो सातासम्म तथ्याङ्क सार्वजनिक गर्ने लक्ष्य लिईएको छ।

गैंडा गणनाको लागि चितवन राष्ट्रिय निकुञ्जको गैंडा पाइने क्षेत्रलाइ १९ वटा ब्लकमा विभाजन गरी १० स्थानमा क्याम्प राखी २१ दिन भित्रमा गैंडा गणना कार्य सम्पन्न गर्ने योजना रहेको छ। राष्ट्रिय गैंडा गणना कार्यमा चितवनमा ४२, बर्दियामा ९ र शुक्लाफाँटामा

५ गरी जम्मा ५६ वटा हात्तीहरु तथा चितवनमा करीब २०० जना, बर्दियामा ६० जना र शुक्लाफाँटामा ४० जना गणक, व्यवस्थापन सहयोग र हात्तीसारका कर्मचारीहरु गरी ४,७७० कार्यदिन बराबरको मानवश्रोत परिचालन हुने अनुमान गरिएको छ ।

राष्ट्रिय गैंडा गणनाको सन्दर्भमा चितवनको सौरहामा मिति २०७७ चैत्र ७ र ८ गरी दुई दिनको अभिमुखीकरण तालिम सम्पन्न भएको छ भने बर्दिया र शुक्लाफाँटामा चैत्र १८ र १९ गते तालिम सञ्चालन गर्ने योजना रहेको छ । तालिममा गैंडा गणनामा गणकको रुपमा संलग्न हुने सहायक संरक्षण अधिकृत, रेञ्जर, सिनियर गेम स्काउट, गेम स्काउट लगायतका प्राविधिक गरी ७२ जना गणक र १२० जना हात्तीसार कर्मचारीहरुको सहभागिता रहेको थियो । उक्त अभिमुखीकरण तालिममा हात्तीहरुलाई लाईनमा हिंडाउने, गैंडाको पहिचान गर्ने, डाटा सिटमा रेकर्ड गर्ने, जीपीएस प्रयोग, नक्साको प्रयोग, गणना आचार संहिता लगायतका विषयमा प्रशिक्षण दिइएको थियो । सौराहाको ईचर्नी ब्लकमा प्रयोगात्मक कक्षा समेत सञ्चालन गरिएको थियो ।

राष्ट्रिय गैंडा गणनाको सन्दर्भमा पर्सा राष्ट्रिय निकुञ्जको रमौली प्रतापपुर क्षेत्रमा वनदेवी पुजा तथा प्रसाद ग्रहण कार्यक्रम वन तथा वातावरण मन्त्री मा. प्रेम बहादुर आलेज्यूको समुपस्थितिमा सम्पन्न भएको छ । सौराहा स्थित जैविक विविधता संरक्षण केन्द्रको प्राङ्गणमा वन तथा वातावरण मन्त्री मा. प्रेम बहादुर आलेज्यूको प्रमुख आतिथ्यता एवं राष्ट्रिय योजना आयोगका मा. सदस्य डा. कृष्ण प्रसाद ओली, वन तथा वातावरण मन्त्रालयका सचिव डा. विश्वनाथ ओली, जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका प्रमुखहरु, जिल्ला स्थित सुरक्षा निकायका प्रमुख, निकुञ्जको सुरक्षार्थ नेपाली सेनाका गणपति, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, सामुदायिक वन उपभोक्ता समुह, संरक्षण साझेदार संघ/संस्थाहरु, होटल व्यवसायी, नेचर गाईड एसोसियसन लगायतको उपस्थितिमा राष्ट्रिय गैंडा गणना, २०७७ को शुभारम्भ भएको छ ।

सन् २००० गरिएको गणना अनुसार नेपालमा कूल ६१२, सन् २००८ को गणना अनुसार ४३५ सन् २०११ को गणना अनुसार ५३४ वटा, सन् २०१५ को गणना अनुसार ६४५ वटा गैडा रहेको पाईएको थियो । चितवन राष्ट्रिय निकुञ्ज गैडाको मुख्य बासस्थान हो । सन् २०१५ को तथ्याङ्क अनुसार चितवन राष्ट्रिय निकुञ्जमा ६०५ वटा गैंडाहरु रहेका छन्। नेपालमा गैंडा संरक्षण कार्यमा प्रत्यक्ष/परोक्ष रुपमा सहयोग पुऱ्याउने सरकारी तथा गैह्रसरकारी निकाय, निकुञ्जका कर्मचारी, सुरक्षाकर्मी, स्थानीय जन समुदाय, संचारकर्मी लगायत अन्य सरोकारवालाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। आगामि दिनमा पनि गैंडा संरक्षण कार्यमा सबै सरोकारवालाहरुको सहयोग र सहभागिताको अपेक्षा गर्दछु।

..................

(हरिभद्र आचार्य)

सूचना अधिकारी

२०७७।१२।९